# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरहबा, रुपन्देहीका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/०६ गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, मन्थली, रामेछापमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात् मिति २०८३/०३/१७ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, मन्थली, रामेछापमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

**ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**ऋणि :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०८/१५ गते दर्ता भई प्रा.फ.र.नं. २४२२५ (भारत आयात) कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवाबाट मिति २०६६/०८/१५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३७८६८०५ नं. को प्रमाण पत्र प्राप्त **अमन एण्ड रमन सप्लायर्स** ।

फर्मको रजिष्ट्रर्ड ठेगाना : रुपन्देहि जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६, गल्लामण्डी ।

**प्रोप्राइटर तथा जमानतकर्ता : कनकलता गुप्ता** (ना.प्र.नं. ११६५५, जारी मिति २०५३/०२/२९, जारी गर्ने कार्यालय जि.प्र.का. कपिलबस्तु) । स्थाई ठेगाना : कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा. वडा नं. ३ । हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ ।
बाबु : कैलाश चन्द्र गुप्ता
पति : पवन प्रसाद गुप्ताका । ससुरा : मनेजर प्रसाद गुप्ता ।

**जमानतकर्ता : पवन प्रसाद गुप्ता** (ना.प्र.नं. ३४३०२२-१२/५५, जारी मिति २०६३/१२/१०, जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ।
ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ ।
बाबु : मनेजर प्रसाद गुप्ता
बाजे : नथुनी शाह

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **कनकलता गुप्ता**को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सद्धार्थनगर न.पा. वडा नं. ६, नक्सा सिट नं. १०४०२३७०८, स्थित कित्ता नं. १९१ क्षेत्रफल ९७.३४ (बर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१
२. ऋणी **अमन एण्ड रमन सप्लायर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय भैरहवाबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय भैरहवामा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७९०००**

Size: 3x23